नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
**चितवन राष्ट्रिय निकुञ्ज कार्यालय**


# संरक्षणको पछिल्लो अवस्था बारे प्रेस बिज्ञप्ति

## २०८२ साल जेठ १ गते

### १. पर्यटक आगमनको स्थितिः

चितवन राष्ट्रिय निकुञ्जमा चालु आर्थिक वर्षको पहिलो १० महिनामा २,०४,५९१ जना पर्यटकहरुले भ्रमण गरेका छन् । यसरी भ्रमण गर्ने पर्यटकहरुमा नेपाली ८९,७५७ जना, सार्क राष्ट्रबाट १८,८८१ जना तथा अन्य देशबाट ८२,१५३ जना रहेका छन् । श्रावण महिनामा कुल ७३१० जना पर्यटकहरुले निकुञ्ज भ्रमण गरेकोमा यो संख्या २०८२ बैशाखमा २२,४१३ जना रहेको छ । श्रावण र भाद्र महिनामा वर्षायाम रहने र निकुञ्जको कोर क्षेत्रमा जङ्गल सफारी बन्द रहने हुँदा पर्यटक आगमन संख्या न्यून देखिएतापनि त्यस पछिका महिनाहरुमा यो संख्या बढ्दै गएको देखिन्छ । कार्तिक महिनामा सर्वाधिक ३३७४१ जना पर्यटकहरुले निकुञ्जको भ्रमण गरेको तथ्याङ्कबाट देखिन्छ ।

महिना अनुसार निकुञ्ज भ्रमण गर्ने पर्यटकहरुको संख्यालाई तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ ।




प्रस्तुत पर्यटन आगमनको रेखाचित्रबाट पर्यटकको आगमन असोज महिनाबाट बृद्धि भई पछिल्लो १० महिनामा कार्तिक महिनामा सबैभन्दा उच्चतम विन्दुमा पुगि तत् पश्चात माघ महिनासम्म घट्दै गएको र फागुनदेखि पुन बढेको देखिन्छ ।

## २. राजश्व विवरण

चितवन राष्ट्रिय निकुञ्जमा चालु आर्थिक वर्षको पहिलो १० महिनामा रु ३०,३०,०२,६८४/- (तीस करोड तीस लाख दुई हजार छ सय चौरासी रुपैया) राजश्व संकलन भएको छ। शिर्षक अनुसार संकलित राजश्वको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।


| क्र.स. | विवरण | जम्मा रकम रू. | प्रतिशतमा |
|---|---|---|---|
| १ | वन पैदावर बिक्री बापत | २९७९४७५४.५ | ९.८३% |
| २ | काठ / दाउरा बिक्री बापत | २००४८३६.० | ०.६६% |
| ३ | गैर काष्ठ वन पैदावर बिक्री बापत | २७७८९९१८.५ | ९.१७% |
| ४ | पर्यापर्याटनबाट प्राप्त राजश्व | २४०९३३३०० | ७९.५२% |
| ५ | दण्ड सजाँयबाट प्राप्त राजश्व | ५४८६३५ | ०.१८% |
| ६ | अन्य शीर्षकबाट प्राप्त राजश्व | १९३१२४०.० | ०.६४% |
|  | कूल राजश्व | ३०३००२६८४ | १०० % |

माथिको तालिका अनुसार संकलन भएको राजश्व मध्ये पर्यापर्यटनबाट सबैभन्दा बढी रु २४,०९,३३,३००/- राजश्व संकलन भएको छ । यो कुल संकलित राजश्व रकमको ७९.५२% प्रतिशत हो। यसैगरी दण्ड सजायबाट रकम रु ५,४८,६३५ राजश्वको रुपमा संकलन भएको छ।यो कुल संकलित राजश्व रकमको ०.१८ % हो। सबैभन्दा बढी राजश्व मंसिर महिनामा संकलन भएको देखिन्छ । त्यस्तै कार्तिक, फागुन, चैत्र तथा वैशाख मिहनामा समेत उल्लेख्य राजश्व संकलन भएको छ ।

त्यसै गरी महिना अनुसार संकलन भएको राजश्वलाई तलको रेखा चित्र प्रस्तुत गरिएको छ ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# चितवन राष्ट्रिय निकुञ्ज कार्यालय




## ३. मुद्दा सम्बन्धि विवरण


चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा चोरी शिकारी तथा अवैध गतिविधि नियन्त्रण गर्न नियमित गस्ती तथा अपरेशन कार्यहरु भइराखेको सर्वविदितैछ छ। यसै सन्दर्भमा चालु आ.व.को पहिलो १० महिनामा विभिन्न कसुरमा पक्राउ पर्नेहरुको संख्या ३३० जना रहेको छ ।

विभिन्न कसुरमा पक्राउ पर्नेहरुको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | कसुर विवरण | पक्राउ पर्नेको संख्या | प्रतिशत | क्र.सं. | कसुर विवरण | पक्राउ पर्नेको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | गैडा | ५ | १.५६ | ९ | ढुङ्गा,गिट्टी,वालुवा | ५ | १.५६ |
| २ | बाघ | १ | ०.३१ | १० | घास दाउरा | १३७ | ४२.६८ |
| ३ | बंदेल | २६ | ८.१० | ११ | निउरो | ३८ | ११.८४ |
| ४ | पंक्षी(चरा) | ३ | ०.९३ | १२ | विना अनुमती निकुञ्ज प्रवेश | १९ | ५.९२ |
| ५ | सालक | ० | ०.०० | १३ | निशेधित क्षेत्र प्रवेश | ६ | १.८७ |
| ६ | काठ | ० | ०.०० | १४ | हिउँ चितुवा | २ | ०.६२ |
| ७ | चितल, जरायो | ० | ०.०० | १५ | चितुवा | ४ | १.२६ |
| ८ | माछा | ८४ | २६.१७ | | जम्मा | ३३० | १०० |

तालिका अनुसार सबैभन्दा बढी ४७.४० प्रतिशत घाँस दाउराको कसुरमा पक्राउ परेका छन् । त्यस्तै माछा सम्बन्धि कसुरमा २९.०७ प्रतिशत पक्राउ परेका छन् । दुर्लभ एक सिंगे गैंडासँग सम्बन्धित अभियोगमा पक्राउ पर्नेको संख्या यस अवधिमा ५ रहेको छ ।

विभिन्न कसुरमा पक्राउ परेका व्यक्तिको संख्या महिना अनुसार तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ ।




यस कार्यालयमा मुद्दा दर्ता भई फैसला हुन बाँकी रहेका मुद्दाको संख्या गत आ.व.को अन्त्य सम्ममा २७ रहेको थिए भने चालु आ.व.को बैशाख सम्ममा जम्मा ११ वटा नयाँ मुद्दा दर्ता भएका छन् । यस अवधिमा फैसला भएको मुद्दाको संख्या ११ वटा रहेको छ ।यसैगरी पछिल्लो १० महिनामा अदालतमा दायर गरेको मुद्दाको संख्या ३ रहेको छ ।

## ४. वन्यजन्तुबाट भएको क्षतिको राहत विवरण


यस कार्यालयले मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणका लागि चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा विभिन्न किसिमको वन्यजन्तुवाट हुने क्षतिको राहतका लागि राष्ट्रिय निुकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा ३ घ तथा "वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण निर्देशिका २०८०" बमोजिम राहत वितरण गर्दै आएको अवगत नै छ । यसै सन्दर्भमा चालु आर्थिक वर्षको पहिलो १० महिनामा मानवीय क्षति-३५ जना (मृतक -८ जना, सामान्य घाइते -६ जना र गम्भीर घाइते -२१ जना), पशुधन क्षति ९५ जना, कुखुरा क्षति -७ जना, घरगोठ क्षति-१८ जना र खाद्यान्न बाली क्षति-२४५ जना गरी जम्मा ४१३

जनालाई राहत वितरण गरिएको छ । राहात वितरण गरिएको जम्मा रकम रु १,२३,०६,८४२/- रहेको छ

राहत वितरण सम्बन्धि अन्य विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | क्षतिको विवरण | संख्या | जम्मा खर्च (रु) | प्रतिशतमा |
|---|---|---|---|---|
| १ | सामान्य घाइते | ६ | ५२९९२ | ०.४३ |
| २ | गम्भीर घाइते | २१ | १६४०६५० | १३.३३ |
| ३ | मानिस मृत्यु | ८ | ८०००००० | ६५.०० |
| ४ | पशुधनको क्षति | ९५ | ९१९७०० | ७.४७ |
| ५ | भण्डारण गरेको अन्नको क्षति | १३ | ८३००० | ०.६७ |
| ६ | घरगोठको क्षति | १८ | १६६००० | १.३५ |
| ७ | अन्न बालिको क्षति | २४५ | १४१७००० | ११.५१ |
| ८ | माछा क्षति | ० | ० | ०.०० |
| ९ | कुखुरा क्षति | ७ | २७५०० | ०.२२ |
| | **कुल जम्मा** | ४१३ | १२३०६८४२ | १०० |

राहत वितरणको रकमलाई प्रतिशतमा निम्न पाईचार्टमा प्रस्तुत गरिएको छ । चार्ट अनुसार वितरण भएको राहत रकम मध्ये सबैभन्दा धेरै ६५ प्रतिशत मानव मृत्युको राहत स्वरुप वितरण गरिएको छ ।



मानविय क्षति सम्बन्धि विवरण निम्त तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.नं. | मृतकको नाम | ठेगाना | उमेर | लिङ्ग | घटना मिति | क्षेति गर्ने वन्यजन्तु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जदु सिंह | हरिपुर न.पा ७ सर्लाही ,हाल (हात्ति प्रजनन तथा तलिम केन्द्र सौराहा ) | ४० | पुरुष | 2081 I 6 I 17 | जंगली हात्ती | |
| २ | शुक वहादुर वोटे | कावासोती 7 कृष्णसार | ६७ | पुरुष | 2081 I 7 I 20 | गैडा | |
| ३ | नाथुराम थारु | मध्यविन्दु नगरपालिका 6 | ६५ | पुरुष | 2081/08/08 | गैडा | |
| ४ | मेन्दोमाया भण्डारी | खै.न.पा.13 | ३७ | महिला | 2081 I 9 I 14 | गैडा | |
| ५ | छबिलाल बोटे | माडी ३ | ५६ | पुरुष | 2081 I 10 I 1 | गैंडा | |
| ६ | शिवराज भण्डारी | माडी 7 | ६२ | पुरुष | 2081 I 10 I 3 | गैंडा | |
| ७ | भुतही महत्तो | माडी 2 | ६१ | महिला | 2081 I 10 I 18 | गैंडा | |
| ८ | शान्ती सार्की | माडी नगरपालिका ७ | ६८ | महिला | 2081 I 11 I 18 | गैंडा | |
| ९ | सुरेश महत्तो | कालिका 4 | ३५ | पुरुष | 2081 I 11 I 24 | हात्ती | |

## ५. एक सिंगे गैंडाको मृत्यु विवरण

आ. व. २०८१/०८२ को श्रावन देखि हालसम्म एक सिंगे गैंडाको मृत्यु विवरण निम्नानुसार रहेको छ।

| सि.नं. | मिति | उमेर | लिङ्ग | लोकेशन (X) | लोकेशन (Y) | ठाउँ | मृत्युको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २०८१/४/०८ | १३ वर्ष | पोथी | २७.५५५६८३९६ | ८४.३३९८३९६ | भरतपुर-२६ भगेडी | करेंट लागेर |
| २ | २०८१/४/२६ | २८ दिन | भाले | २७.५१८४८३ | ८४.२१५२७१ | Ntnc मा उपचार गर्दै गर्दा | बाघको आर्क्रमण |
| ३ | २०८१/५/०७ | २ महिना | भाले | २७.५७०६ | ८४.४६९७ | राप्ती दोभानघाट घासेमैदान | बाघको आर्क्रमण |
| ४ | २०८१/५/१० | एकिन नभएको | एकिन नभएको | २७.६३८२०४८ | ८४.२५९४ | हिरापुर टापु, गांजीपुर | प्राकृतिक |
| ५ | २०८१/६/१६ | ३५ बर्ष | भाले | २७.५५२३०९ | ८४.३१५१६ | चिप्लेघाट, राप्ति खोला | प्राकृतिक |
| ६ | २०८१/०६/१७ | ४ महिना | पोथी | २७.५८२५१९९८ | ८४.४०६९५ | बाटुलीपोखरी सा. वन | घोलमा डुबेर |
| ७ | २०८१/७/५ | १८-२० | पोथी | २७.५७८५८ | ८३.९६०८४१ | मध्यबिन्दु-१२, अरुणखोला | प्राकृतिक |
| ८ | २०८१/७/६ | एकिन नभएको | एकिन नभएको | २७.५५३२३६६८ | ८३.९८०९४ | कलकत्ता टापु | बाढीले बगाएर |
| ९ | २०८१/७/६ | एकिन नभएको | एकिन नभएको | २७.५५३४६३०५ | ८३.९८१३२१ | कलकत्ता टापु | बाढीले बगाएर |
| १० | २०८१/७/१३ | २५ बर्ष | पोथी | २७.५४९३२६०८ | ८४.३३०११३ | पोकली घोल कोर क्षेत्र | दलदलमा फसेर |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | २०८१/८/०७ | २२ बर्ष | भाले | २७.६७४७९८ | ८४.३०५२८ | नारायणी खोला तिर | प्राकृतिक |
| १२ | २०८१/८/१३ | ३५ बर्ष | पोथी | २७.५४७९८८८६ | ८४.२९१८०२७ | धुर्ब पोस्ट नजिक | प्राकृतिक |
| १३ | २०८१/०९/२१ | २३ बर्ष | भाले | २७.६९२८४६३२ | ८४.२४०२० | पुरानो कुजौली पोस्ट, कोर | प्राकृतिक (जुधेर) |
| १४ | २०८१/१०/०३ | ३० बर्ष | पोथी | २७.५५४३८७०८ | ८४.२७३९००५६ | पात्ले ताल, धुर्ब पोस्ट | प्राकृतिक |
| १५ | २०८१/१०/१० | ८ महिना | पोथी | २७.५४५३३१९९ | ८४.१४४७२९९९ | खोरियामुहान क्षेत्र | प्राकृतिक |
| १६ | २०८१/१०/१२ | ३० बर्ष | भाले | २७.५४८९९१११ | ८४.३६८८१९ | भालु खोला नजिक (घाटगाई) | प्राकृतिक |
| १७ | २०८१/११/०४ | ३२-३५ | एकिन नभएको | २७.५३१२६५ | ८४.२१५३२३ | सुरुङखोला बाट ११०० मि. पूर्व | प्राकृतिक |
| १८ | २०८१/११/०७ | १५ बर्ष | भाले | २७.५६५७५७ | ८४.३७३३४८ | होटेल नारायणी सफारी नजिक राप्ती किनार | प्राकृतिक (जुधेको हुन सक्ने) |
| १९ | २०८१/११/१० | ७ बर्ष | पोथी | २१७१३६ | ३०५५०३२ | लामिचौर क्षेत्र, अमलटारी | प्राकृतिक |
| २० | २०८१/११/२४ | २४ बर्ष | भाले | २२३४०९ | ३०६०५२१ | कुमारवर्ति सा. वनको दक्षिणि | प्राकृतिक (जुधेर दलदलमा फसेको) |
| २१ | २०८१/१२/०६ | ५ बर्ष | एकिन नभएको | २१९२९४ | ३०५००६५ | खोरियामुहन दक्षिण | प्राकृतिक |
| २२ | २०८१/१२/०९ | १५ दिन | पोथी | २१७४४३ | ३०५५९३८ | कृष्णसार स. बन | प्राकृतिक(बाघको आक्रमण हुन सक्ने) |
| २३ | २०८१/१२/१६ | ३४ बर्ष | पोथी | ७९४२२० | ३०५१३१७ | कोलकत्ता टापु, भुताहा | प्राकृतिक |
| २४ | २०८१/१२/१९ | एकिन नभएको | एकिन नभएको | २७.६४२५ | ८४.२६९४४४४४ | गांजीपुर घोल | प्राकृतिक |
| २५ | २०८२/०१/०४ | एकिन नभएको | एकिन नभएको | २७.५५४१६६६७ | ८४.३७२७७७७८ | घटगाइ क्षेत्र | प्राकृतिक |
| २६ | २०८२/१/२० | ३०-३२ बर्ष | पोथी | २७.५५५५४७ | ८४.५०३१९७ | सौराहा कोर क्षेत्र | प्राकृतिक |
| २७ | २०८२/१/२८ | १५ बर्ष | भाले | २७.५५७१९२ | ८४.२६००७ | जमुनाघाट राप्ती खोला | प्राकृतिक (जुधेर हुन सक्ने |

.........................................

अविनाश थापा मगर

सूचना अधिकारी